# सर्वोच्च अदालत

## काठमाडौं

### प्रेस विज्ञप्ति

**सम्माननीय प्रधान न्यायाधीशसँग श्रीलङ्काली प्रधान न्यायाधीशको शिष्टाचार भेट**

सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुलीसँग नेपाल भ्रमणमा रहनुभएका श्रीलङ्काका महामहिम प्रधान न्यायाधीश श्री प्रियासाथ डेप (Priyasaath Dep) ले आज सर्वोच्च अदालतमा शिष्टाचार भेट गर्नुभयो। राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल र Sri Lanka Judges' Institute को संयुक्त आयोजनामा मिति २०७४ भाद्र १ गतेदेखि ४ गतेसम्म काठमाडौंमा जारी Workshop on Cybercrimes and Electronic Evidence नामक क्षेत्रीय कार्यशाला गोष्ठीमा सहभागी हुन नेपाल आउनुभएका श्रीलङ्काली प्रधान न्यायाधीश डेपले श्रीलङ्काको सर्वोच्च अदालत तथा पुनरावेदन अदालतका न्यायाधीश एवं सर्वोच्च अदालतका सम्पूर्ण माननीय न्यायाधीशज्यूहरुको उपस्थितिमा सम्माननीय प्रधान न्यायाधीशसँग आज भेटवार्ता गर्नुभएको थियो।

भेटवार्ताका क्रममा नेपालमा नयाँ संविधान जारी भएपश्चात् नेपालको संविधानले परिकल्पना गरेको संघीय न्यायिक संरचना र मौलिक हकको कार्यान्वयन कसरी भइरहेको छ भन्ने सम्बन्धमा श्रीलङ्काली प्रधान न्यायाधीश डेपले जिज्ञासा राख्नुभएको थियो। उक्त जिज्ञासाको जवाफ दिँदै सम्माननीय प्रधान न्यायाधीश पराजुलीले संघीय न्याय प्रणालीको कार्यान्वयनका क्रममा हाल विभिन्न स्थानमा उच्च अदालत तथा तिनका इजलासहरु स्थापना भई न्याय सम्पादन हुँदै आएको र मौलिक हकको कार्यान्वयनमा सर्वोच्च अदालत तथा उच्च अदालतले आफ्नो अधिकारक्षेत्रको प्रयोग गरी सकारात्मक भूमिका निर्वाह गर्दै आएको बताउनुभयो। उक्त अवसरमा सहभागी सम्माननीय प्रधान न्यायाधीश तथा माननीय न्यायाधीशहरुले नेपाल र श्रीलङ्काका अदालतहरुले विभिन्न विषयमा निरुपण गरेका न्यायिक विवादहरु र प्रतिपादित सिद्धान्तहरुको बारेमा अनुभव आदान प्रदानसमेत गर्नुभयो।

नेपाल भ्रमणमा रहनुभएका श्रीलङ्काली प्रधान न्यायाधीशले भेटवार्ताबाट आफूले नेपालको न्याय सम्पादनका विषयमा जानकारी हासिल गर्न पाएकोमा अत्यन्त खुसी व्यक्त गर्दै यस प्रकारको भ्रमणबाट नेपाल र श्रीलङ्काली न्यायपालिकाबीच व्यावसायिक एवं संस्थागत समन्वय तथा सहकार्य अभिवृद्धि गर्न सहयोग पुग्ने बताउनुभयो। सोही क्रममा सम्माननीय प्रधान न्यायाधीश पराजुलीले पनि श्रीलङ्काली प्रधान न्यायाधीश डेपलाई सर्वोच्च अदालतमा स्वागत गर्न पाएकोमा खुसी व्यक्त गर्दै भविष्यमा श्रीलङ्काली न्यायपालिकासँग संस्थागत सम्बन्ध प्रगाढ तुल्याउन आफू प्रतिबद्ध रहेको कुरा व्यक्त गर्नुभयो।

(नारायणप्रसाद पन्थी)
प्रवक्ता (सहरजिस्ट्रार)

२०७४ साल भाद्र २ गते, शुक्रबार
सर्वोच्च अदालत, काठमाण्डौं ।

सर्वोच्च अदालत
काठमाडौं